# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रिय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


प.सं.
च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६८ चैत ६ गते

# आप्रवासी कामदारहरुको अधिकारको सुनिश्चित हुनुपर्नेमा जोड

ललितपुर, चैत ६ गते ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपालबाट विदेशमा काम गर्न पुगेका आप्रवासी कामदारहरुको हकहित र सुरक्षाका लागि मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुबीच सहयोग र समन्वय हुनुपर्ने खाँचो औंल्याउनुभएको छ ।

राजधानीमा आयोजित ‘आप्रवासी कामदारहरुको  विद्यमान अवस्था, चुनौती एवम् भावी कदम’ विषयक राष्ट्रिय कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै उहाँले उक्त खाँचो औंल्याउनुभएको हो ।

थुप्रै नेपाली घरपरिवारमा आयस्रोत जुटाउने काममा सरिक आप्रवासी कामदारहरुको मानव अधिकार र सुरक्षाको प्रत्याभूति हुनुपर्नेमा जोड दिंदै अध्यक्ष उपाध्यायले यस विषयमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै आयोगका सदस्य गौरी प्रधानले आप्रवासी कामदारहरुको हकहित रक्षका लागि ‘आप्रवासी कामदार तथा तिनका परिवारको सदस्यको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०’ यथाशक्य छिटो अनुमोदन हुनुपर्ने धारणा अघि सार्नुभयो ।

नेपालबाट विदेश पुगेका कामदारमाथि भएका तमाम भेदभाव र अत्याचारहरुको नालीबेली केलाउँदै सदस्य प्रधानले नेपालीले भोगेका दुःखपीडा अन्त्य गर्ने दिशामा उक्त महासन्धि सहायक हुने विचार व्यक्त गर्नुभयो ।

उक्त महासन्धिलाई पारित गर्ने दिशामा आयोग प्रयासरत रहेको बताउँदै उहाँले यस कार्यमा सबैको सहयोग आवश्यक भएको राय प्रकट गर्नुभयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय योजना आयोगका सचिव युवराज भूसालले आप्रवासी कामदारहरुको भलाइका लागि सरकारले योजनाबद्ध ढंगमा कार्यक्रम अघि सारेको जानकारी दिनुभयो ।

प.सं.
च. नं.

कार्यक्रममा आफ्नो धारण अघि सार्दै 'यूएन उमन' का 'कन्ट्री डिरेक्टर' नेपाल सरकारले अघि सारेको आप्रवासी कामदारसम्बन्धी नीति तुलनात्मक रुपमा राम्रो हुँदाहुँदै पनि त्यसको कार्यान्वयन कमजोर भएकोले प्रभावहीन हुन पुगेको बताउनुभयो ।

कार्यक्रममा श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिव सोमलाल सुवेदी, परराष्ट्र मन्त्रालयका सहसचिव अर्जुनबहादुर थापा, राष्ट्रिय मानव अधिकार आयोग विशेष ज्योटियर पद्मा माथेमा, आप्रवासी कामदारहरुको सुरक्षाका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष सोम लुइँटेललगायतका वक्ताहरुले आप्रवासी कामदाहरुको हकहितका लागि राष्ट्रिय मानव अधिकार आयोगका संस्था तथा व्यक्तिहरु एकजुट भाई लाग्नुपर्ने धारणा अघि सार्नुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका निर्देशक वेदप्रसाद भट्टराईलगायतका उच्चपदस्थ अधिकृतहरुको उपस्थिति रहेको थियो ।

विशाल खनाल
सचिव